January 08, 2026

आकाशवाणी

**प्रमुख समाचार**

१. प्रधानमन्त्रीद्वारा आज नयाँ दिल्लीमा भारतीय एआई स्टार्टअपहरूसँगको बैठकको अध्यक्षता

२. आजदेखि गुजरातको तटीय शहर प्रभास पाटनमा चार दिने सोमनाथ स्वाभिमान पर्व सुरु

३. चार दिने विकसित भारत युवा नेता संवाद दुई हजार छब्बीसको दोस्रो संस्करण भोलिदेखि नयाँ दिल्लीमा आयोजना हुँदै

४. अमेरिका साठी भन्दा बढी अन्तर्राष्ट्रिय संस्थाहरूबाट अलग

५. पीभी सिन्धु मलेसिया ओपनको महिला एकलको क्वार्टरफाइनलमा प्रवेश

-------------

PM- Indian AI Startups

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीस्थित आफ्नो निवासमा भारतीय एआई स्टार्टअपहरूसँगको बैठकको अध्यक्षता गर्नुभयो। आगामी महिना भारतमा आयोजना हुने इन्डिया एआई इम्प्याक्ट समिट दुई हजार छब्बीस अगाडि **एआई फर अल: ग्लोबल इम्प्याक्ट च्यालेन्जको** लागि योग्य भएका बाह्र भारतीय एआई स्टार्टअपहरू बैठकमा सहभागी भए। बैठकमा प्रधानमन्त्रीले समाजलाई रूपान्तरण गर्न कृत्रिम बुद्धिमत्ताको

महत्त्वमाथि प्रकाश पार्नुभयो। उहाँले स्टार्टअपहरू र एआई उद्यमीहरू भारतको भविष्यका सह-शिल्पकार हुन् भन्नुभयो।

Jitendra AI Workshop

यसैबीच कार्मिक, सार्वजनिक गुनासो तथा पेन्सन राज्यमन्त्री डा. जितेन्द्र सिंहले नयाँ दिल्लीमा क्षमता निर्माणको लागि **एआई: शासन रूपान्तरण सम्बन्धी कार्यशालालाई** सम्बोधन गर्दै, सरकारले **एआई सारथी, एआई ट्युटर** र **एआई-आधारित क्षमता निर्माण योजनाहरू** जस्ता एआई-संचालित उपकरणहरू अपनाएको बताउनुभएको छ। उहाँले यी उपकरणहरूले व्यक्तिगत सिकाइ मार्गहरू, द्रुत योजना र मन्त्रालय र विभागहरूमा कार्यान्वयनलाई सुधार्न सक्षम पारिरहेको बताउनुभयो। यस अवसरमा, डा. सिंहले **iGOT कर्मयोगी प्लेटफर्ममा** नयाँ एआई-सक्षम सुविधा, **कर्मयोगी कक्षा** पनि उद्घाटन गर्नुभयो। यो सुविधा निजामती कर्मचारीहरूको लागि प्रासंगिक, अन्तरक्रियात्मक र व्यक्तिगत सिकाइ बढाउन डिजाइन गरिएको हो।

PM- Somnath

आज गुजरातको तटीय शहर **प्रभास पाटनमा** चार दिने **सोमनाथ स्वाभिमान पर्व** सुरु भएको छ। यस वर्ष, एक हजार छब्बीस ईस्वीमा महमूद गजनीले सोमनाथ मन्दिरमा पहिलो आक्रमण गरेको एक हजार वर्ष पूरा भएको छ। यस वर्षको उत्सव सन् उन्नाइस सय एकाउन्नमा पुनर्स्थापित मन्दिरको उद्घाटनको आगामी पचत्तरौं वार्षिकोत्सवसँग पनि मेल खान्छ। प्रधानमन्त्री नरेन्द्र मोदीले सोमनाथ स्वाभिमान पर्वको सुरुवातमा राष्ट्रलाई शुभकामना दिनुभएको छ। आफ्नो सामाजिक सञ्जाल पोस्टमा, उहाँले यो उत्सवले भारतको सबैभन्दा सम्मानित तीर्थस्थलहरूमध्ये एकसँग सम्बन्धित अटल विश्वासलाई प्रतिबिम्बित गर्नुका साथै मन्दिरको पुनर्निर्माणमा सरदार वल्लभभाई पटेल, केएम मुन्शी र अन्य धेरैको

प्रयासलाई महत्वपूर्ण रूपमा प्रकाश पार्नुभयो।

Republic day- Veer Gatha

रक्षा मन्त्रालय र शिक्षा मन्त्रालयको संयुक्त पहलमा परियोजना वीर गाथाको पाँचौ संस्करणमा लगभग एक लाख नब्बे हजार विद्यालयका एक करोड बयानब्बे लाख विद्यार्थीहरूको रेकर्ड सहभागिता देखिएको छ। रक्षा मन्त्रालयले अठार देशका एकानब्बे सीबीएसई-सम्बद्ध विद्यालयका अठाईस हजारभन्दा बढी विद्यार्थीहरूले पहिलो पटक भाग लिएको बताएको छ। राष्ट्रिय स्तरमा छनोट भएका एक सय सुपर-विजेताहरूले गणतन्त्र दिवसमा विशेष अतिथिको रूपमा कर्तव्य पथमा परेड हेर्नेछन्। पहिलो पटक, यस पहलमा भिडियोग्राफी, एंकरिङ, रिपोर्टिङ र कथा कथन जस्ता छोटो-भिडियो ढाँचाहरू समावेश गरिएको छ। यसले विद्यार्थीहरूलाई सामरिक परम्परा - भारतको समृद्ध सैन्य परम्परा, रणनीति, अभियान र वीर विरासतमा केन्द्रित सामग्री सिर्जना गर्न प्रोत्साहित गरेको छ।

Viksit Bharat young leaders dialogue

विकसित भारत युवा नेता संवाद दुई हजार छब्बीसको दोस्रो संस्करण भोलिदेखि नयाँ दिल्लीमा आयोजना हुँदैछ। युवा मामिला तथा खेलकुद मन्त्री मनसुख मण्डावियाले आज नयाँ दिल्लीमा सञ्चारकर्मीलाई, यो चार दिने कार्यक्रम जनवरी १२ सम्म जारी रहने जानकारी दिनुभयो। उहाँले प्रमुख सुरक्षा सल्लाहकार अजित डोभलको उपस्थितिमा शनिबार संवादको औपचारिक उद्घाटन हुने र जनवरी १२ को समापन सत्रमा प्रधानमन्त्री नरेन्द्र मोदी उपस्थित हुने बताउनुभयो। कार्यक्रममा भारत र विदेशका पच्चीस सयभन्दा बढी युवाहरू सहभागी हुनेछन्।

उहाँले भारतीय अन्तरिक्ष अनुसन्धान संगठनका अन्तरिक्ष यात्री समूह क्याप्टेन शुभांशु शुक्ला र समूह क्याप्टेन प्रशान्त नायरले सहभागीहरूसँग अन्तरक्रिया गर्ने र महिला क्रिकेट

टोलीकी कप्तान हरमनप्रीत कौरले पनि संवादमा भाग लिने बताउनुभयो। श्री मण्डावियाले संवादमा पद्म पुरस्कार विजेता, युवा सांसद र विधायकहरूका साथै पुलेला गोपीचन्द, लिएन्डर पेस, पाल्की शर्मा, कैवल्य वोहरा, शिबब्रत दास र आनन्द कुमार लगायत विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरू सहभागी हुने बताउनुभयो।

ED

प्रवर्तन निर्देशनालयले देशभर, नक्कली सरकारी जागिर घोटालामा संलग्न, एक संगठित गिरोह विरुद्ध खोजी गरिरहेको छ। एजेन्सीले सुरुमा भारतीय रेलवेको नाममा घोटाला पत्ता लागेको बताए तापनि, अनुसन्धानले चालीसभन्दा बढी अन्य सरकारी संस्था र विभागहरूलाई पनि समेटेको पत्ता लगाएको छ। ६ राज्यका १३ शहरहरूका १५ स्थानमा खोजी जारी छ। यसमा बिहारको मुजफ्फरपुर र मोतिहारी, पश्चिम बंगालको कोलकाता, केरलाको एर्नाकुलम, पण्डालम, अडूर र कोडुर, तमिलनाडुको चेन्नई, गुजरातको राजकोट र उत्तर प्रदेशको गोरखपुर, इलाहाबाद र लखनऊ समावेश छन्। ईडीले गिरोहले नक्कली इमेल अकाउन्टहरू प्रयोग गरेको, आधिकारिक सरकारी डोमेनहरूको नक्कल गर्दै नक्कली भर्ती पत्रहरू पठाउने उल्लेख गरेको छ। अनुसन्धान एजेन्सी अनुसार, गिरोहले विश्वास जित्नको लागि, भारतीय रेलवेमा आरपीएफ, टीटीई र प्राविधिक जस्ता भूमिकाहरूमा राखिएका केही पीडितहरूलाई दुई-तीन महिनाको लागि प्रारम्भिक तलब भुक्तानी गरेको पनि जानकारी गराएको छ।

BJP

भारतीय जनता पार्टीले आज विश्वव्यापी चुनौतीहरू र आर्थिक तथा भूराजनीतिक उथलपुथलका बाबजुद भारतीय अर्थतन्त्रले बलियो वृद्धि दर्ता गरिरहेको र विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने दिशामा निरन्तर अघि बढिरहेको दाबी गरेको छ। पार्टी प्रवक्ता गोपाल कृष्ण अग्रवालले कुल गृहस्थ उत्पादन अग्रिम अनुमानलाई उद्धृत गर्दै प्रधानमन्त्री नरेन्द्र

मोदीको नेतृत्वमा निर्माण, कृषि र ग्रामीण अर्थतन्त्र, श्रम-गहन निर्माण क्षेत्र र आवास क्षेत्र लगायत धेरै प्रमुख क्षेत्रहरूमा बलियो वृद्धि देखिएको, पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै भन्नुभयो ।

US-withdraw from int'l org.

संयुक्त राज्य अमेरिकाले संयुक्त राष्ट्र संघका निकायहरू र भारत-फ्रान्सको नेतृत्वमा रहेको अन्तर्राष्ट्रिय सौर्य गठबन्धन सहित साठी भन्दा बढी अन्तर्राष्ट्रिय संस्थाहरूबाट अलग्गिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हिजो संयुक्त राज्य अमेरिकाको हित विपरीत रहेका **अन्तर्राष्ट्रिय संस्थाहरू, महासन्धिहरू र सन्धिहरूबाट संयुक्त राज्य अमेरिकालाई फिर्ता लिने** शीर्षकको ज्ञापनपत्रमा हस्ताक्षर गर्नुभयो। राष्ट्रपति ट्रम्पले हस्ताक्षर गरेपछि, छैंसठ्ठी संयुक्त राष्ट्र संघ र गैर-संयुक्त राष्ट्र संघ संस्थाहरूको सदस्य रहनु, भाग लिनु वा अन्यथा समर्थन प्रदान गर्नु संयुक्त राज्य अमेरिकाको हित विपरीत हो भन्ने निर्धारण गरेको बताउनुभयो।

Badminton- PV Sindhu

ब्याडमिन्टनमा, भारतकी पीभी सिन्धु क्वालालम्पुरमा भइरहेको मलेसिया ओपनको महिला एकलको क्वार्टरफाइनलमा प्रवेश गरेकी छिन्। उनले आज जापानकी तोमोको मियाजाकीलाई पराजित गरिन्। यद्यपि, पुरुष एकल वर्गमा लक्ष्य सेन र आयुष शेट्टी आ-आफ्नो प्रि-क्वाटरफाइनल खेल हारेपछि प्रतियोगिताबाट बाहिरिएका छन्।